# आपसी सहयोग



## राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

# आपसी सहयोग

लेखक : ध्रुव घिमिरे

चित्र : उज्ज्वल तामाङ

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

संस्करण : २०७५

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (USAID) को सहयोगमा यो सामग्री प्रकाशन भएको हो । यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिबिम्बित गर्दैनन् । यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ ।

टक टक



“को हो ? भित्र आऊ।”



“ए, तिमी पनि गएन छौ त ! किन ?”



"हेर न ! दाजु परीक्षा दिन जानुभयो । एक बजे आउने अरे । अनि कसरी वादविवादमा भाग लिन जानु त ?"




“मेरो दिदी पनि बिहानै परीक्षा दिन जानुभयो । दिदीको मदतबिना म पनि जान सकिनँ ।”




“धेरै दिनदेखि वादविवादका लागि गरेको अभ्यास खेरै गयो। भागै लिन नपाएपछि के काम भयो र ?”



“हामी दुवैले वादविवादमा भाग लिन नपाउने भयौँ। पाठशाला पनि नजिकै छैन। यति लामो बाटो छ।”




"एउटा उपाय छ। तिमी अघि अघि चियर गुडाउँदै हिंड। म पछि पछि चियर समाउँदै आउँछु। कसो होला ?"




"ठिक, ठिक। अरूको मदत किन चाहियो र ? एकआपसमा मदत भएपछि। ल आऊ, मलाई घचेड।"




“ऊ पाठशाला देखियो । समयमै आइपुगियो ।
अब वादविवादमा सहभागी हुन पाइने भइयो ।”



“आहा, अबदेखि यसरी नै आउने, यसरी नै जाने ल !



एकआपसमा मदत मिलेपछि कठिन काम पनि सरल हुँदो रहेछ, कसो ?”



मुख्य शब्दहरू

भित्र आऊ किन परीक्षा

कसरी जानु बिहानै मदत

सकिनँ धेरै खेर दुवै

वादविवाद पाठशाला लामो

बाटो उपाय समाउँदै ठिक

समय सहभागी एकआपस

कठिन सरल

# आपसी सहयोग

वर्ण र मात्राको चिनारीपछि बालबालिकालाई आफैँ पढ्न सहयोग पुग्ने यी विसङ्केतन पाठ (Decodable Readers) प्रकाशनमा ल्याउन पाउँदा हामी खुसी छौँ । बालबालिकालाई सहज रूपमा पढ्न सहयोग पुऱ्याउनु यसको उद्देश्य हो । कथासहितका यी किताबका शृङ्खला पढेर बालबालिकाले रमाइलो मान्ने छन् । उनीहरू सही उच्चारण गर्न सक्षम पनि हुने छन् । समग्रमा यी अध्ययन सामग्रीले बालबालिकाको पढ्ने सिपको विकासमा मदत पुऱ्याउने छ ।

## शिक्षकलाई निर्देशन

१. सबै वर्ण र मात्राको चिनारीपछि प्रत्येक बालबालिकालाई यो अध्ययन सामग्री पढ्न दिनुहोस् ।

२. बालबालिकाले पढिरहेका बेलामा शिक्षकले अवलोकन गर्नुहोस् । धेरैजसो बालबालिका कुनै शब्दमा अडिएका छन् वा उनीहरूलाई पढ्न गाह्रो भएको छ भने ती शब्दलाई टिपेर राख्नुहोस् ।

३. गाह्रो मानिएका शब्दका बनोट बालबालिकालाई राम्ररी बुझाएर ती शब्द पटक पटक उच्चारण गरिदिनुहोस् । बालबालिकालाई पनि ती शब्दको उच्चारण अभ्यास गराउनुहोस् ।